# "समृद्ध नगर, सुखी नगरवासी"

## लम्कीचुहा नगरपालिकाकोआ. व.२०८३/०८४ को नीति तथा कार्यक्रम

**१७औं नगरसभा अधिवेशनका उपाध्यक्षज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**
**नगरपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरु,**
**उपस्थित सञ्चारकर्मी मित्रहरु**
**लम्कीचुहा नगरवासी दाजुभाइ दिदीबहिनीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

लम्कीचुहा नगरपालिको यस **१७ औं नगरसभा अधिवेशन**को पहिलो बैठकमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सर्वप्रथम हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

लम्कीचुहा नगरपालिकाको नगर प्रमुखको हैसियतले यहाँहरु सामु हाम्रो कार्यकालको अन्तिम आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पूर्वघोषित कार्यक्रमको निरन्तरता र केही नयाँ प्रतिबद्धता सहितको नीति कार्यक्रममा केन्द्रित रही नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित नगरसभामा उपस्थित भएको छु ।

लम्कीचुहा नगरपालिका निर्माणको अभिभारा हामी सबैलाई प्रदान गरी यस सुन्दर नगरी लम्कीचुहाको सेवा गर्ने र समृद्ध नगर निर्माण गर्ने अवसर प्रदान गर्नु हुने सम्पूर्ण नगरवासी आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी सबैलाई हामी सबैको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु । नगरसभाको अधिवेशनको यो गौरवशाली क्षणमा हामीलाई निरन्तर साथ र पृष्ठपोषण गर्ने सम्पूर्ण लम्कीचुहा नगरवासीहरु, संघ र प्रदेश सरकार, विभिन्न दातृनिकाय तथा सहयोगीहरु, घोषित लक्ष्य प्राप्तिका लागिअहोरात्र मेहनत गर्ने हाम्रा जनप्रतिनिधिहरु, कर्मचारी, सल्लाहकार एवं विज्ञ समूहका सबै मित्रहरुमा उच्च सम्मानका साथ हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाका लागि तथा विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रदाञ्जलि व्यक्त गर्दछु ।

यसै गरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछु । उहाँहरूले पुर्‍याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

**आदारणीय यस गरिमामय सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम एक औपचारिक दस्ताबेज मात्र नभई हाम्रो लम्कीचुहा नगरको समग्र समृद्धिको दिशामा अघि बढ्ने एक स्पष्ट कार्ययोजना हो । संविधान प्रदत्त अधिकार, दायित्व र अवसरलाई व्यवहारमा रुपान्तरण गर्नेहाम्रो नीति र कार्यक्रम सही मार्गदर्शन हो । संघीय संरचनाको आत्मा नै स्थानीय सरकार हो भन्ने बुझाइका साथ हामीले हाम्रा नीति र कार्यक्रम तयार गरेका छौं । नेपालको संविधानले स्थानीइ सरकारलाई दिएका २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार, राज्यका निर्देशक सिद्धान्त, मौलिक हकहरु स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, नगर विकास गुरु योजना लगायतका वैधानिक दस्ताबेजहरुलाई समेत हाम्र नीति र कार्यक्रमको मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं ।

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको लक्ष्य **"समृद्ध नगर, सुखी नगरवासी"** भन्ने रहेको जानकारी गराउन चाहन्छु ।

मैले यस अवसरमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरी रहँदा समृद्ध, समतामूलक, स्वच्छ हराभरा र विकसित लम्कीचुहा नगरपालिकाको भावी तस्विरलाई झलझली सामुन्नेमा स्मरण गरेको छु ।

हाम्रो नगरपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै विधिको शासनप्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

## नीतिगत व्यवस्थाहरु:

१. नेपालको संविधानको अनुसुची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहका एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु ।

२. संघीय सरकारले अङ्गीकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु ।

३. संघीय सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।

४. सुदूरपश्चिम प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।

५. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित) ।

६. संघीयसरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट र सो बजेटको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।

७. राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु ।

८. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु ।

९. राजस्व परामर्श समितिको सिफारिस ।

१०. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरु र सो समितिले दिएका सुझाव र सिफारिसहरु ।

११. नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु ।

१२. नगर कार्यपालिकाले निर्णय गरी तोकेका आधारहरु ।

१३. विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु र आम नागरिकका सुझावहरु ।

१४. नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु ।

१५. नगरपालिकाबाट विगतमा स्वीकृत भएका ऐन र नियमावली, नीति, कार्यविधिहरु ।

१६. विकास साझेदार संघसंस्थाका राय,सल्लाह र सुझावहरु

१७. नीति तथा कार्यक्रम तर्जुमा मस्यौदा समितिका उपयुक्त सुझावहरु

**आदरणीय नगरसभाका सदस्यज्यूहरु!**

अब म आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने नीतिगत व्यवस्था र यस नीति तथा कार्यक्रम तय गर्दा अपनाइएका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु:**

कृषि प्रणाली तथा सहकारी, पर्यटन, मानव पुँजी निर्माण, पूर्वाधार निर्माण तथा दिगो विकास, उद्यम, स्वरोजगारी, सामाजिक विकास तथा गरिबी निवारण, सूचना प्रविधि तथा सञ्चार क्षेत्र विकास, सांस्कृतिक क्षेत्रको प्रवर्द्धन, वन तथा वातारण, पर्यावरणको रक्षा, खानीजन्य पदार्थको संरक्षण, प्राकृतिक विपद, व्यवस्थापन, पूर्वतयारी, पुनर्स्थापना, पुनर्निर्माण, अशक्त, असहाय, गरिब, अतिविपन्न, अपाङ्ग, गर्भवती महिला, ज्येष्ठ नागरिक, जस्ता व्यक्तिहरुलाई राहतका कार्यक्रमहरुलाई प्राथमिकताका क्षेत्रमा समावेश गरिएको छ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु !**

अब म यस लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि विषयगत समितिहरुबाट अनुमोदन भई आएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु:-

## आर्थिक विकास क्षेत्रतर्फ

### क. कृषि तथा पशुपंछी विकास

१. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिदै किसानहरुको पहिचान गरि किसान परिचय पत्र वितरण गरिनेछ ।

२. लागत साझेदारीमा कृषि यान्त्रीकरण गर्दै निर्वाहमुखी कृषिबाट व्यावसायिक कृषि गर्न आम कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

३. निःशुल्क बाली शिविर, माटो जाँच शिविर संचालन गरी माटोको जैविक गुणमा ह्रास आउन नदिन गड्यौला पालन तथा प्राङ्गगारिक मलको प्रयोगलाई अघि सारिनेछ ।

४. कृषि उत्पादनमा जोड दिई कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, विविधीकरण र बजारीकरण गर्दै **एक वडा एक उत्पादन** कार्यक्रम लागु गरिनेछ ।

५. खाद्यन्न बालीहरुको विउ उत्पादन गर्ने बिउ बिजन उत्पादन तथा भण्डार गृह निर्माण गरी किसानहरुलाई गुणस्तरीय बिउ उपलब्ध गराइनेछ ।

६. व्यवसायिक खेतीलाई कृषि मेसिनरिसंग जोड्दै कस्टम हायरिङ्ग सेन्टर स्थापनाका साथै कृषि उपजहरुको बजारीकरणको सहजताको लागि कृषि एम्बुलेन्स सन्चालन गरिने छ ।

७. आवश्यक स्थानमा कृषि हाटबजार जस्ता पूर्वाधारको निर्माणसँगै कृषि उत्पादनको खरिद, भण्डारण, विक्री वितरण गर्ने र बजार व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

८. कृषक पाठशाला कार्यक्रमलाई निरन्तर संचालन गरी **नगर उपप्रमुखसँग कृषक भेटघाट कार्यक्रमलाई** निरन्तरता दिईनेछ ।

९. लक्षित वर्गका नागरिकहरुलाई मागमा आधारित विभिन्न अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. पशुपन्छीमा लाग्ने रोग पहिचान तथा रोग नियन्त्रणका लागि पशु स्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ ।

११. पशु नश्ल सुधार कार्यक्रम अघि बढाई कृषि तथा पशु वीमा कार्यक्रम कार्यविधि बनाई लागू गरिने छ । जंगली जनावर तथा पशुपंक्षी व्यवसाय

गर्ने व्यक्ति तथा फर्मलाई प्रोत्साहन गर्ने कार्यक्रम अघि बढाइनेछ र छाडा पशुचौपायाको व्यवस्थापन गरिने छ ।

१२. लम्कीचुहा नगरपालिका क्षेत्रभित्र उत्पादन हुने हरियो तरकारी, ताजा फलफूल तथा अन्नहरुलाई सुरक्षित भण्डार गर्ने लम्कीचुहा नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारको अनुदान र सहकार्यमा शीतभण्डार गृह तदारुकताका साथ निर्माण गरिने छ ।

१३. कृषि क्षेत्रमा हुन सक्ने सम्भावित विपदलाई न्यूनीकरण गर्नका लागि कृषकहरुलाई कृषि बीमामा आवद्ध गराइने छ ।

१४. गुणस्तरीय विउविजनको प्रयोग गरी उत्पादन बढाउन बिउ बिजन कम्पनी स्थापना गरिने र बिउबिजन बृद्धि गर्ने किसानहरुलाई प्रोत्साहित गरिने छ

१५. असिञ्चित क्षेत्रमा सिचाइँको सुविधा पुर्‍याई चक्लाबन्दी तथा करार खेतीमा जोड दिइने छ ।

१६. **"बरु म गर्छु कृषि : कहीं जान्नँ मेरो देशलाई बिर्सी"** भन्ने भावनालाई आत्मसात् गर्दै स्वदेशमै कृषि उद्यम गर्न चाहने युवाहरुलाई प्रोत्साहित गर्न उनीहरुको कृषिफर्मको व्यवसाय दर्तामा लाग्ने शुल्क शतप्रतिशत छूट दिने नीति अवलम्बन गरिने छ ।

१७. फलफूल खेतीलाई प्रोत्साहन गर्न **एक घर दुई विरुवा कार्यक्रम** संचालन गरिने छ।

१८. कृषि तथा बेमौसमी तरकारी सम्बन्धि विभिन्न तालिमहरु संचालन गरिने छ साथै संरक्षित खेती तथा बेमौसमी खेतीमा प्रोत्साहन गरिने छ ।

१९. राष्ट्रिय धान दिवस कार्यक्रमलाई निरन्तरता दिनुका साथै उत्कृष्ट कृषकहरुलाई सम्मान तथा प्रोत्साहन गरिने छ ।

२०. नगर क्षेत्रभित्रका पशु विकास फर्महरु मासु, दुध, अण्डा र माछा लगायतका व्यवसायमा र विभिन्न बाली वस्तुको उत्पादनमा सुधारका लागि कार्यविधि बनाई उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ । पशुपन्छीपालन व्यवसायलाई प्रभावकारी बनाउन सुलभ ऋण कार्यक्रम संचालन गरिनेछ ।

२१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत संचालित कृषि पकेट कार्यक्रमलाई निरन्तर दिदैं **नगर प्रमुख कृषि पकेट क्षेत्र** निर्धारण तथा **नगर प्रमुखसँग किसान कार्यक्रम** लाई प्रभावकारी बनाई **"बाँझो छोडी गाउँको खेतबारी, नजाऊ विदेश खोजेर रोजगारी"** भन्ने भावनाको विकास गरी खेतीयोग्य जमिन बाँझो रहन नदिने नीति लिइने छ ।

## ख. सिचाइँ

२२. **रानीजमरा कुलरिया सिचाइँ आयोजना** अन्तर्गतका आयोजनासँग समन्वय गरी जनमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. लम्कीचुहा नगरपालिका क्षेत्रभित्र उपयुक्त सिचाइँ सुविधाको लागि आवश्यक स्थानमा डिपबोरिङ्ग र स्यालो ट्युवेलहरु अनुदानमा वितरण गरिनेछ ।

## ग. सहकारी तथा गरिबी निवारण

२४. प्रत्येक सहकारीको लेखा प्रणालीमा एकरुपता ल्याउन प्रविधिमैत्री लेखा प्रणाली र COPOMIS सम्बन्धि तालिमको व्यवस्था गरिनेछ । नगरपालिका मातहतमा रहेका सहकारी संस्थाहरुको अवस्था हेरी एकीकरण र खारेजीको नीति अवलम्बन गरिने छ ।

२५. विद्युत सहकारी संस्था लगायत सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनका लागि अनुगमन, निरीक्षण, नियमन र नियन्त्रण गरिनेछ ।

२६. सहुलियत कर्जाका लागि लक्षित वर्ग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## घ. उद्योग, वाणिज्य तथा आपूर्ति

२७. लम्कीचुहा नगरपालिकाभित्र **डुँडेझारी उद्योग ग्राम**को स्थापना गर्न सुदूरपश्चिम प्रदेश सरकारकोपू र्वाधार विकास कार्यक्रममा हातेमालो गर्न पहल गरिनेछ ।

२८. लक्षित वर्गलाई सामूहिक लघु उत्पादनमा जोड दिँदै सीप विकास तालिम र रोजगारी एंव आयआर्जन सम्बन्धि विशेष कार्यक्रममा समावेश गरिनेछ । **युवा प्रतिभा उद्यमीको खोजी** कार्यक्रम सञ्चालन गरिनेछ र अनुसन्धानमूलक युवा उद्यमशीलता कार्यक्रमको प्रबन्ध गरिनेछ ।

२९. नगर क्षेत्रभित्रका विपन्न दलित आदिवासी जनजाति र मुक्त कमैयाहरुलाई लक्षित गरी **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)** लाई निरन्तरता दिइनेछ ।

३०. लम्कीचुहा उद्योग वाणिज्य संघ, लम्की कैलालीको भवन निर्माण कार्यको लागि आवश्यक बजेट अनुदानको व्यवस्था गरिने छ ।

## ङ संस्कृति तथा पर्यटन

३१. लम्कीचुहा नगरपालिका वडा नं २ र ५ मा अवस्थित **मोहनलाल नगर उद्यान (पार्क)** निर्माणलाई योजनामा समावेश गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३२. वि. पि. साहित्यिक पार्कको स्तर उन्नति गर्ने र मंगलादेवी स्मृती पार्कको निर्माण कार्य संचालन गरिनेछ एवं वि.पी. सामुदायिक पुस्तकालयको निर्माण कार्य सम्पन्न गरिनेछ ।

३३. **कैलाशधाम धार्मिक क्षेत्र**लाई यथाशीघ्र निर्माण सम्पन्न गरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

३४. लम्कीचुहा नगरपालिकामा रहेका पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण, होमस्टे सञ्चालन, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र र कला केन्द्र आदिको विकासमा जोड दिइनेछ ।

३५. लम्कीचुहा नगरपालिकाको प्रत्येक वडामा योग साधना केन्द्र स्थापना गरिनेछ ।

३६. लम्कीचुहा नगरपालिका क्षेत्रभित्रका मठ-मन्दिर, बौद्धविहार, गुम्बा, मस्जिद , चर्च ,देउथान/मरुवा तथा सबैजात-जाति तथा धर्मका धार्मिक क्षेत्रहरुलाई पर्यटन आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ ।

३७. कर्णाली नदीमा र्‍याफ्टिङ सञ्चालनलाई व्यवस्थित गरिनेछ, चिसापानी-राजकाँडा केबलकारको उचित व्यवस्थापनमा जोड दिने र **बसेरा होमस्टे**लाई थप व्यवस्थित गरिनेछ, साथै साहसिक पर्यटनको सम्भाव्यताको अध्ययन गरी कार्यक्रम बनाउने नीति लिइने छ ।

३८. चिसापानीमा बुद्ध प्रतिमाको स्थापना गरिने तथा शिव प्रतिमाको स्थापना भएका स्थानमा वृहत्तर पार्क निर्माण गरिने छ ।

३९. परम्परागतगीत संगीतहरुको संरक्षण गर्न देउडा गीत, ठाडी भाका, न्याउले गीत, सखिया नाच, मुगरवा नाच, झुमरा नाच, हुड्केउली, भारत, कर्को, वंशावली, रोपाइँ गीत, होली गीत, गर्रा नाच, पैंसेरी, मारुनी, चुट्का, भजनकीर्तन, भुवा नाच आदिको संरक्षण तथा संवर्द्धनमा विशेष जोड दिईनेछ ।

४०. प्रतापपुरमा रहेको ग्रीन-शो नेपालको जीर्ण भवनलाई मर्मत सम्भारको लागि आवश्यक अनुदान दिइने छ ।

## च श्रम तथा रोजगार

४१. श्रमिकहरुलाई मापदण्ड अनुसारको न्यायोचित पारिश्रमिक उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

४२. **प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रम**लाई व्यवस्थित गर्न साझेदारी कार्यक्रम संचालन गरिनेछ।

४३. लघु उद्यमलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरुप बेरोजगार युवा, महिला र फरक क्षमता भएक व्यक्तिहरुको आर्थिक स्तर सुधार्न लघु उद्यम सञ्चालनका लागि अनुदान प्रोत्साहनको व्यवस्था गरिनेछ ।

४४. आयआर्जन तथा सीपमूलक तालिमहरु जस्तै ग्रिल निर्माण, मोबाइल मर्मत,मोटर साईकल मर्मत, ड्राईभिङ्ग, अचार बनाउने, कुकिङ्ग तथा अतिथि सत्कार, इलेक्ट्रिसियन आदि सम्बन्धि तालिम सञ्चालन गरिनेछ।

४५. सुरक्षित आप्रवाशन कार्यक्रम संचालन तथा व्यवस्थापनको लागी आवश्यक श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ५०% र यस नगरपालिकाको ५०% साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

४६. श्रम तथा पुनः श्रम स्वीकृतिको लागि पालिका स्तरका युवा वर्गलाई निरन्तर सेवा दिनको लागि कर्मचारीको क्षमता अभिबृदि गर्न श्रम स्वीकृति सम्बन्धी तालिम संचालन गरी श्रम स्वीकृतिलाई व्यवस्थित र मर्यादित बनाईनेछ

४७. रोजगार संबादमंच सम्वन्धी विभिन्न सरोकारवाला र रोजगारदाता संग छलफल गरी रोजगारी लाई पुर्णता दिईनेछ ।

४८. श्रम संबाद समिति गठन गरिनेछ ।

४९. लम्कीचुहा नगरपालिकामा कार्यरत अस्थायी तथा करार सेवाका कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

५०. अन्तराष्ट्रिय श्रमिक दिवस पारेर पालिकाका उत्कृट श्रमिकलाई सम्मान तथा मजदुर दिवश सभ्य र भव्य रुपमा मनाई श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम गरिनेछ।

५१. स्थानीय तहको रोजगार रणनीति लाई कार्यान्वयन गर्नका लागि विभिन्न सरोकारवाला र रोजगारदातासंग रोजगारी अभिवृदि सम्बन्धी धारण संकलन गरिनेछ ।

## सामाजिक विकास क्षेत्र तर्फ

### क. स्वास्थ्य तथा पोषण

५२. लम्कीचुहा नगरपालिका अन्तर्गतका आधारभुत स्वास्थ्य केन्द्रहरुमा सरल र सहजरुपमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पूर्वाधार, जनशक्ति, प्रविधि र उपकरणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५३. महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणका लागि निश्चित उमेरसमूहका किशोरीहरुलाई निशुल्क एच. पि. भि. खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५४. **नगरप्रमुखसंग मातृशिशु स्वास्थ्य तथा सुरक्षा कार्यक्रम** अन्तर्गत सुत्केरी तथा गर्भवती आमाको लागि पोषण प्याकेजको व्यवस्था गर्ने र **नगरप्रमुखसँग छोरी कार्यक्रम** अन्तरगत लम्कीचुहा नगरभित्र छोरी जन्माएका आमाहरुको छोरी स्याहार भत्तालाई वृद्धि गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. गरिब, दलित, अपाङ्ग, आदिवासी जनजाति, विपन्न र पिछडिएको वर्गको स्वास्थ्य विमाका लागि शतप्रतिशत अनुदान रकमलाई निरन्तरता दिइनेछ ।

५६. उपचारका क्रममा अस्पतालमा मृत्यु भएका व्यक्तिहरुका शव घरसम्म ल्याउन तथा कुनै पनि दुर्घटनाबाट मृत्यु भई पोष्टमार्टमका लागि अस्पतालसम्म लैजान र मृतकको शव घाटसम्म लैजान निशुल्क शव-वाहनको व्यवस्थालाई व्यवस्थित गरिने छ ।

५७. निशुल्क सेवा दिन फ्रि एम्बुलेन्स सेवालाई चुस्तदुरुस्त बनाइने छ ।

५८. लम्कीचुहा नगरपालिकाको विभिन्न वडामा रहेका खोप केन्द्र तथा गाउँघर क्लिनिकमा आवश्यक पुर्वाधार तथा उपकरणको व्यवस्था गरी व्यवस्थित रुपमा संचालन गरिनेछ ।

५९. लम्कीचुहा नगरपालिका भित्रका आधारभूत स्वास्थ्य केन्द्रहरुलाई व्यवस्थित गरि प्रयोगशाला सहितको सेवा प्रवाहका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

६०. महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई वितरण गर्दै आएको प्रोत्साहन भत्ता बृद्बि गरी कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६१. थारु जातिमा देखिने **सिकलसेल एनिमिया रोग**को जाँच गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६२. स्वास्थ्य संस्थाबाट नियमित भइरहेका मातृशिशु पोषण, खोप, स्वास्थ्य परीक्षण, गर्भवती महिला स्वास्थ्य परीक्षण तथा पोषण,सुत्केरी महिलाको हेरचाह र परिवार नियोजन कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ, साथै नेपाल सरकारबाट सूचीकृत औषधीहरु निःशुल्क उपलब्ध गराइने छ ।

६३. स्वास्थ्य स्वयंसेविकाले आफ्नो कार्यकाल पूरा गरी अवकाश लिएमा प्रोत्साहन स्वरूपको रकम वृद्धि गरी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६४. लम्कीचुहा नगरपालिका भित्र बसोवास गर्ने विपन्न नागरिकहरुका लागि नगरपालिका भित्रका सबै आधारभूत स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क बेड उपलब्ध हुने प्रबन्ध मिलाइनेछ र नगरपालिकाका सबै वडाहरुमा ल्याव प्रयोगशाला र बर्थिङ सेन्टर निर्माण गरी संचालनमा ल्याइने छ ।

६५. रक्तदान सम्बन्धी जानकारी गराउन तथा रक्तदान गर्न उत्प्रेरित गर्नका लागि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ र ब्लड बैंकको स्थापना गरिनेछ

## ख.शिक्षा तथा खेलकूद

६६. लम्कीचुहा नगरपालिकाले उपलव्ध गराउँदै आएको आधारभूत तह प्रा.वि., नि.मा.वि. र मा.वि. तह नगर अनुदान बालविकास शिक्षक, नगर क्षेत्रका सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालिका तथा विद्यालय कर्मचारीहरुको अनुदानमा बृद्धि गरिनेछ र यस आ. व. देखि नगर अनुदान शिक्षकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरी पोसाक भत्तामा वृद्धि गरी निरन्तरता दिइनेछ ।

६७. माध्यमिक तह कक्षा ९ र १० सम्म निशुल्क गर्ने विद्यालयहरुलाई पानी, विद्युत, मर्मत सम्भार, शौचालय सरसफाइ, रंगरोगन, घेरापर्खाल लगायतका शिर्षकहरुमा अनुदान र विद्यालयमा आवश्यक नगर शिक्षक कोटा थप गरी स्थानीय शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ ।

६८. नगरपालिका क्षेत्रभित्र खुलेका परम्परागत विद्यालय गुरुकुल, मदरसा तथा गुम्बाको विकासको लागि भौतिक संरचना निर्माणमा अनुदान तथा शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ ।

६९. कृषि इन्जिनियर, कृषि स्नातक, एम.वि.वि.एस र होटेल म्यानेज्मेन्ट विषयमा अध्ययन गरी रहेका विद्यार्थीहरुलाई तोकिएको शर्त बमोजिम **नगर प्रमुख छात्रवृति कार्यक्रम**लाई निरन्तरता दिइने छ ।

७०. लम्कीचुहा नगरपालिकाको संरक्षकत्व र लम्की बहुमुखी क्याम्पसको सहकार्यमा संचालित लम्की माध्यमिक विद्यालयको वृद्धि विकासका लागि शैक्षिक तथा प्रशासनीक अनुदान उपलब्ध गराईनेछ ।

७१. लम्कीचुहा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुलाई प्राथमिक उपचारका लागि प्राथमिक स्वास्थ्य उपचार पेटीका उपलब्ध गराइनेछ ।

७२. संस्थागत (Boarding) विद्यालयहरुको वर्गीकरण, शुल्क निर्धारण तथा उत्कृष्ट विद्यालयलाई पुरष्कृत गर्ने र न्यूनतम मापदण्ड पूरा नभएका तथा अनुमति नै नलिएका कक्षा सञ्चालन गरेका विद्यालयहरुको अनुमति खारेजी तथा तह घटाउने नीति लिइनेछ ।

७३. भौतिक पूर्वाधार अपुग भएका सामुदायिक विद्यालयको पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री र महिलामैत्री बनाइनुका साथै सामुदायिक विद्यालयमा

आवश्यकता अनुसार विभिन्न साधन तथा उपकरण उपलब्ध गराइने छ र विद्यालयका टिनको छानोमा फल्स सिलिङ राख्न लगाइनेछ ।

७४. सामुदायिक तथा संस्थागत विद्यालयलाई अतिरिक्त क्रियाकलाप अन्तरगत खेलकूदका कार्यक्रमहरुमा समान सहभागिता गराइने र योग अभ्यास गतिविधिमा सरिक गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

७५.सामुदायिक विद्यालयमा छात्राहरुको सेनिटरी प्याडको प्रयोग मनोभावना, व्यवहार, ज्ञान र सीपको आदान प्रदान गर्न **छात्रासँग नगर प्रमुख कार्यक्रम** सञ्चालन गरिनेछ ।

७६.पूर्ण अपाङ्ग, अल्पसंख्यक, दलित, जनयुद्द, जनआन्दोलनका घाइते, बेपत्ता र घाइते परिवारका गरिब जेहेन्दार विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान कार्यक्रम लागू गरिनेछ ।

७७.**नगर प्रमुख छात्रवृत्ति कोष** स्थापना गरी लम्की बहुमुखी क्याम्पसका विभिन्न संकायमा उत्कृष्ट नतिजा हासिल गर्ने **छात्रालाई नगर प्रमुख छात्रवृत्ति** प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७८.सामुदायिक विद्यालय तर्फ कक्षा ८, एस.ई.ई र कक्षा १२ को परीक्षामा सर्वोत्कृष्ट GPA ल्याउने विद्यार्थीहरुलाई यसै आर्थिक वर्षदेखि पुरस्कृत गरिनेछ ।

७९.लम्कीचुहा नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको प्रशासनिक कामको सहजताका लागि सामुदायिक विद्यालयलाई सवारी साधन उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८०.लम्कीचुहा नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको भूमिका प्रभावकारी बनाई भौतिक स्रोतसाधन सम्पन्न बनाइने छ ।

८१. विद्यार्थीहरुले आफूले निर्माण गरेका र सिकेका सीपहरुको प्रदर्शन गर्ने अवसर दिने र **तपाईको सीप हाम्रो लगानी : पढौं पढाऔं गरौं आम्दानी** भन्ने नाराका साथ पढ्दै कमाउँदै कार्यक्रमलाई कक्षा १२ सञ्चालन भएका विद्यालयमा उत्पादनको आधार हेरी अनुदान दिने व्यवस्था मिलाइने छ ।

८२.लम्कीचुहा नगरपालिकाको विभिन्न वडाभित्र स्कुल जाने उमेर समूहका बालबालिका र किशोर किशोरीहरु विच मानसिक स्वास्थ्य समस्या सम्बन्धि मनोपरामर्श कार्यक्रम संचालन गरिने छ ।

८३.विद्यालय परिसरमा फलफूल तथा छायाँदार बोटविरुवा वृक्षारोपण गर्ने व्यवस्था गरिने छ साथै सोको अनुगमन र मूल्याङ्कन गरी विवरण तयार गरिनेछ ।

८४. प्रत्येक बर्ष प्रत्येक लम्कीचुहा नगरपालिकाका प्रत्येक वडाहरुमा **वडा अध्यक्ष कप खेलकूद प्रतियोगिता** सञ्चालन गरिनेछ ।

८५. प्रत्येक बर्ष नगर स्तरीय **मेयर कप खेलकूद प्रतियोगिता** सञ्चालनका लागि खेलकुदमा सहभागी विद्यालयहरुलाई खेलकुद अनुदान रकम उपलब्ध गराई खेलाडीहरुलाई प्रोत्साहित गर्ने नीति लिइने छ ।

८६. **उपमेयर महिला फुटबल प्रतियोगिता** कार्यक्रम संचालन गरिनेछ ।

८७. ज्ञानकुञ्ज सामुदायिक सिकाइ केन्द्र लम्कीचुहाको **सामुदायिक कार्यालय भवन** निर्माणको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

८८. लम्कीचुहा नगरपालिकाको स्थानीय बासिन्दाले विद्यावारिधि (PHD) गरेमा एकमुस्ट रू.एक लाखसम्म अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८९. सामुदायिक विद्यालय शौचालय सरसफाइ कार्यक्रममा हाल दिइरहेको मासिक अनुदान रकममा वृद्धि गरिनेछ ।

९०. हरित विद्यालय निर्माण कार्य संचालन गरिनेछ ।

९१. सामुदायिक विद्यालयलाई प्रदान गर्दै आईरहेको सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९२. विषयगत र कक्षागत तहका आधारमा थप नगर अनुदान कोटा वितरण गरिनेछ ।

९३. कक्षा ५ र ८ को वार्षिक परीक्षालाई नगरस्तरमा संचालन गरिनेछ ।

९४. विद्यालयमा रेष्ट वेड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९५. शिक्षक कर्मचारीहरुको दरबन्दी मिलानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९६. अस्थायी प्रकृतिका शिक्षकहरु, बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फाराम भराई मूल्यांकन गरिनेछ ।

९७. सामुदायिक सिकाई केन्द्रलाई परिचालन गर्नका लागि नयाँ कार्यकम थप गरी लागु गरिनेछ ।

९८. न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई सोही वडाको नजिकको विद्यालयमा मर्ज गर्ने वा तह घटाउने र मर्ज हुने विद्यालयका शिक्षक वा कर्मचारीलाई उचित व्यवस्थापन गरिनेछ ।

९९. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई प्र.अ. बैठकहरुमा खाजा खर्चको व्यवस्था गरिनेछ ।

१००. दिवा खाजा विद्यालयमा नै तयार गरी वितरण कार्यलाई प्रेत्साहन गरिनेछ ।

## ख. खानेपानी तथा सरसफाइ

१०१. लम्कीचुहा नगरपालिका वडा नं. एक, दुई, तीन, चार र पाँचमा संचालनमा रहेका विभिन्न खानेपानी संस्थाहरुलाई यथाशीघ्र लम्की साना शहरी खानेपानी उपभोक्ता सरसफाइ संस्थासंग एकीकृत गरी कर्णालीको पानी लम्कीचुहा

सहलगानी आयोजनामा जोडेर बृहत्तर शुद्ध खानेपानी आयोजना संचालन गरी साझेदारी कार्यक्रम अन्तरगत आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०२. शुद्ध खानेपानी नीति अनुरुप नगरक्षेत्रमा **एक घर एक धारा** को व्यवस्था गरिनेछ ।

१०३. लम्कीचुहा नगर क्षेत्रभित्रका विभिन्न खानेपानी संस्थाहरुलाइ आवश्यक ट्रान्सफार्मर लगायतका उपकरणहरुको व्यवस्था गरिनेछ ।

१०४. खानेपानीमा पाइने रासायनिक पदार्थ (आइरन, आर्सेनिक, म्याङ्गनिज, अमोनिया, नाइट्रेट, फ्लोराइड) को जाँच गर्ने प्रयोगशालाको व्यवस्था गरिने छ ।

१०५. खानेपानी सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली निर्देशिका निर्माण गरी लागु गरिनेछ ।

ग. **महिला, बालबालिका, युवा तथा समाज कल्याण**

१०६. बालमैत्री स्थानीय तह घोषणा प्रक्रियाका लागि आवश्यक विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

१०७. बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन तथा घोषणा गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०८. महिला उत्थान सशक्तीकरण, महिला नेतृत्व विकास, लैङ्गिक समानता, महिला सामाजिक सहभागिता एवं महिला सीप विकासका कार्यक्रम संचालन गरिनेछ ।

१०९. एकल महिला लक्षित प्रोत्साहन कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

११०. लम्कीचुहा गरपालिका **नगर स्तरीय बाल क्लब तथा बालसंजालहरु पुनः गठन** गरी बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

१११. गरिब, अति विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुलाई निःशुल्क कम्प्युटर तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछ ।

११२. स्थानीय बाल अधिकार संरक्षण समिति, बालसंजालका गतिविधिहरुलाइ प्रभावकारी रुपमा संचालन गरिनेछ ।

११३. जातीय छुवाछूत र विभेदलाई सामाजिक अपराधको रुपमा लिँदै शून्य सहनशीलताको नीतिको अवलम्बन गरी दलित, आदिबासी तथा जनजातिहरुको शिक्षा, सीप, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच वृद्धि गर्नुका साथै भाषा, धर्म, संस्कृति, कला, सीप र परम्परालाई प्रवर्द्धन तथा सम्वर्द्धन गरिनेछ ।

११४. दलित, आदिवासी तथा जनजातिका परम्परागत सीप र कलाको संरक्षण तथा आधुनिकीकरण गर्न जोड दिइनेछ ।

११५. विद्यालयसम्म पहुँच नभएका दलित बालबालिकाहरुलाई विशेष सहुलियत दिई पठनपाठनमा सरिक गराइने छ ।

११६. स्थानीय युवा परिषद अन्तर्गत युवा लक्षित प्रोत्साहन कार्यक्रमहरु संचालन गरिनेछ ।

११७. अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, आवश्यक स्रोत साधन सहित आवासको व्यवस्थापन गर्नेगरी **अपाङ्ग ग्राम** निमार्णका लागि आवश्यक पहल गरिनेछ ।

११८. आर्थिक अवस्था कमजोर भएका दलित महिलाहरुको लागि आयआर्जनमा सहयोग पुग्ने तालिम संचालन गरिनेछ।

११९. महिला बालवालिका अपाङ्गता जेष्ठ नागरिक हरुका लागि विभिन्न दिवसीय कार्यक्रम हरु संचालन गरिनेछ ।

१२०. **कमलरी तथा मुक्त कमैयासँग उपमेयर कार्यक्रम** सञ्चालन गरी कम्लरी तथा मुक्त कमैयाहरुलाई शिक्षा, सीप र रोजगारमूलक कार्यक्रममा सहभागी गराइने छ

१२१. बडघर, भलमन्सा, चिराकी प्रथाको नियम बनाई संरक्षण तथा सम्बर्द्धन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२२. ज्येष्ठ नागरिक दिवसको अवसरमा ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

१२३. राजी, सोनाहा जस्ता लोपोन्मुख जातिको संरक्षण तथा बस्ती व्यवस्थापन गरिनेछ ।

१२४. मुक्त कमैया, वादी र सोनाहा जातीका +२ र उच्च शिक्षा पढने छोरी बुहारीलाई पठनपाठनमा प्रोत्साहित गर्न साईकल वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१२५. चेलिवेटी बेचबिखन, यौनशोषण तथा घरेलु हिंसाबाट पीडित महिलाको सहायताका लागि **सेफ हाउस निर्माण**का लागि प्रभावकारी ढंगले कार्य अघि बढाइनेछ ।

१२६. लैङ्गिक हिंसाविरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्दै महिला सशक्तीकरणका लागि विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाको समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७. बौद्ध धर्मालम्वी, दसनामी सन्यासी, ईसाइ धर्मालम्वी र मुस्लिम जातिको शव संस्कारको लागि क्षेत्र निर्धारण गरी व्यवस्थापन गरिनेछ ।

१२८. लम्कीचुहा नगरपालिका नगर क्षेत्रभित्रका निम्न आय स्तरका मृतकका परिवारलाई मृत्यु संस्कार खर्च उपलब्ध गराइने छ।

१२९. लम्कीचुहा क्षेत्रभित्रका रातो कार्ड प्राप्त अपाङ्गता, निलो कार्ड प्राप्त दृष्टिविहीन अपाङ्गलाई मासिक प्रोत्साहन भत्ता दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३०. लागूपदार्थ दुर्व्यसनी विरुद्ध सचेतना जगाउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३१. लागुपदार्थ दुर्व्यसन तथा अन्य प्रकारका कुलतमा लागेका किशोर किशोरीहरुलाई पुनर्स्थापनाका लागि सुविधा सम्पन्न सामुदायिक सुधार केन्द्रको निर्माण गरिनेछ ।

१३२. दलित महिला सशक्तीकरण तालिम, किशोरीहरुका लागि आत्मरक्षा तालिम, बडघर, गुरुवा, धामी-झाँक्री, बालबिबाह विरुद्ध सचेतीकरण कार्यक्रम संचालन गरिनेछ ।

१३३. अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री बैशाखी, सेतो छडी, हुइलचिएर, ट्राइ साइकल, कृत्रिम हातखुट्टा, एयर फोन आदिको व्यवस्था गरिनेछ ।

१३४. समावेशी विकासका लागि महिला शसक्तीकरण, मनोसामाजिक सचेतना, मनोसामाजिक स्वास्थ्य प्रबर्द्वन तथा GRI क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

## <u>पूर्वाधार विकास क्षेत्र तर्फ</u>

### क. भवन, आवास, बस्ती, सहरी विकास, भू-उपयोग तथा भूमि व्यवस्थापन

१३५. लम्कीचुहा नगरपालिका वडा नं ०४ को भल्कामा बहु-उद्देश्यीय सीटी हल निर्माण र संग्रहालय निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१३६. अतिविपन्न र बादीबस्तीका परिवारका लागि **मेयर आवास निर्माण कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

१३७. **हाइमास्टलाइट** जडानलाई निरन्तरता दिँदै अन्य ठाउँमा सडकबत्तीको व्यवस्था गर्ने, सडकमा रहेका सोलार बत्तीको मर्मत सम्भार र व्यवस्थापन गरिनेछ ।

१३८. नगर क्षेत्रभित्रका विभिन्न वडामा क्रमशः पञ्चकोशी, दिपेन्द्र, खड्का टोल, बाघमारा, मलभंगा, बचेला, अमरपुर, कौवापुर खल्ला, बघौरा, बघिनियाँ, मोतीपुर, प्रतापपुर, चाँगाबाडी लगायतका ठाउँमा खेलमैदानहरु निर्माण गरिनेछ ।

१३९. सार्वजनिक तथा निजी भवनहरुको निर्माण गर्दा **सुरक्षित भवन : बलिया संरचना** भन्ने अभियानका साथ राष्ट्रिय भवन संहिताको पालनामा जोड दिई निरन्तर अनुगमन गरिनेछ ।

१४०. लम्कीचुहा न. पा. वडा नं. ४ छोट्की बलियामा रहेको साझा संस्थाको जग्गाको परिसरमा घेरापर्खाल गरिने छ ।

१४१. लम्कीचुहा मानव सेवा आश्रमको भवन निर्माणका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१४२. बजारको सौन्दर्यीकरण गर्न आवश्यकता अनुसार पसलहरुको वर्गीकरण गरी व्यवस्थापन गर्न सम्बन्धित उद्योगी, व्यवसायी तथा सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरी क्षेत्रगत रुपमाबजार व्यवस्थापन गरिनेछ ।

### ख. भू-उपयोग

१४३. लम्कीचुहा नगरपालिकाकाको क्षेत्रको स्पष्ट सीमांकन गरी छिमेकी पालिकाहरु सँगको सिमा विवाद समाधान गर्नुका साथै वडा तहको सीमालाई पनि अद्यावधिक गरिनेछ ।

१४४. भूमिहीन, दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको उचित व्यवस्थापन गर्नका लागि आ.व.२०८३/०८४ भित्र जग्गाधनी प्रमाणपुर्जा वितरण गरिने छ ।

१४५. निकट भविष्यमा लम्कीचुहा नगरपालिकामा स्थापना हुने भूमि प्रशासन कार्यालयको उचित व्यवस्थापनको लागि जग्गा तथा भवन उपलब्ध गराइनेछ ।

१४६. भूमि प्रशासनको स्थानीयकरण गर्न नगरपालिकामा मालपोत तथा नापी सेवा प्रदायक कार्यालयको स्थापना गर्न पहल गरिनेछ।

१४७. लम्कीचुहा नगरपालिकाको संरक्षणका रहेका सबै वडाका सार्वजनिक जग्गाहरु वडाको सिफारिसमा नगरपालिकाले भाडामा दिने व्यवस्था गरिने छ ।

१४८. **सम्पूर्ण जग्गाको वर्गीकरण : कृषि योग्य जमिनको संरक्षण**मूल नाराका साथ कृषी, आवास, व्यवसाय, औद्योगिक, खानी तथा खनिज, नदी, खोला, ताल, सिमसार, साँस्कृतिक तथा पुरातात्विक, वन, सार्वजनिक उपयोग र अन्य क्षेत्र सहित विभिन्न भागमा वर्गीकरण गरी नगरमा भू-उपयोग नियमावली लागू गरीकार्यान्वयनलाई निरन्तरता दिइनेछ

१४९. स्थानीय भू-उपयोगः

क) प्रचलित कानुन बमोजिम लम्कीचुहा नगरपालिका क्षेत्रभित्र रहेका वडा नं.१ देखि १० भित्र रहेका जग्गाहरुको भू-वर्गीकरण गरिनेछ ।

ख) लम्कीचुहा नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ती जग्गामा निर्माण भएका घरहरुको घरबहाल कर संकलनका लागि लगत संकलनसहित सेवाग्राहीहरुलाई करको दायरामा ल्याउने योजना बनाईनेछ ।

ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुको पहिचान गरी नगर आवास योजना र जग्गा नभएको हकमा एकीकृत बस्ती व्यवस्थापन गरिनेछ ।

घ) सार्जनिक सरकारी, ऐलानी, पर्ती जग्गाहरुमा रहेका झरन, कुलो, नाला, नहर तथा बाटोहरुको मापदण्ड तयार गर्न आवश्यक बजेट व्यवस्था गरिरनेछ ।

ङ) नगरपालिका क्षेत्रभित्र नापनक्शा गर्न बाँकी रहेका ऐलानी, पर्ती जग्गाहरुको नापनक्शा कार्य यथाशीघ्र अघि बढाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ

## ग. सडक पुल तथा यातायात व्यवस्था

१५०. लम्कीचुहा नगरपालिकाको चिसापानीदेखि पश्चिमी सीमासम्म पूर्वपश्चिम राजमार्गलाई चार लेनको बनाउन पहल गरिनेछ ।

१५१. **गुणस्तरीय पूर्वाधारः नगरविकासको आधार**को मूल नीति सहित नगर क्षेत्रको पूर्वाधार विकासलाई सेवामूलक, उत्पादनमूलक र स्थानीय अर्थतन्त्रमा टेवापुग्ने गरी निर्माण गरिनेछ।

१५२. लम्कीचुहा नगरपालिका भित्र यातायातलाई सहज बनाउन कार्यविधि बनाई **नगर बस सेवा** संचालन गरिनेछ र नगरभित्र चल्ने अटोरिक्साको भाडादर निर्धारण गरी एकरुपता कायम गरिने छ ।

१५३. लम्कीचुहा नगर क्षेत्रभित्र संचालित यातायात सेवा कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि आवश्यक जग्गा तथा भवनको व्यवस्था गरिनेछ ।

१५४. चालु आ.व. मा कालोपत्रे गर्न प्रस्ताव गरिएका तथा सम्पन्न नभएका सडकहरुलाई कालोपत्रे सम्पन्न गरिनेछ र सडक नालीलाई व्यवस्थित बनाइने छ ।

१५५. सडक कालोपत्रे आयोजनालाई विशेष प्राथमिकतामा राखिनेछ ।

१५६. भौतिक पूर्वाधार निर्माणका लागि भौतिक साधनको मर्मत सम्भार, वातावरणमैत्री सडक विस्तार गरिनेछ र डुवान क्षेत्रको पहिचान गरी नाला निर्माणलाई प्राथमिकता दिइनेछ ।

१५७. नगरपालिकामा निर्माण हुने सडक, खानेपानी, मोटरेवल पुल, झोलुङ्गे पुल, सिचाइँ, अस्पताल भवन, विद्यालय भवन जस्ता पूर्वाधार निर्माण गर्दा नगर स्तरीय, प्रदेश स्तरीय र संघ स्तरीय योजनाको रुपमा संयुक्त लगानीमा निर्माण गरिनेछ ।

१५८. नगरपालिकाका विभिन्न खोला नदीहरुमा आवश्यक ठाउँहरुमा तटबन्धन, झोलुङ्गो पुल र पक्की पुल निर्माणको व्यवस्था मिलाइनेछ ।

१५९. लम्कीचुहा नगरपालिका वडा नं. ६ गुलरा-बागमारा, गुलरा-प्रतापपुर, बाउनपुर, चैनपुर, स्याउले, तिल्केनी-गुलरेनी सडक कालोपत्रे तथा स्तरोन्नतीका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१६०. बाघमारा, चैनपुर, बाउनपुर, पिपरकोटी, गुलरा खेल मैदानका लागि आबश्यक व्यवस्थापन गरिनेछ ।

१६१. भौतिक संरचनाको गुणस्तर मापनको लागि प्राविधिक प्रयोगशालालाई थप व्यवस्थित गरिनेछ ।

### घ. जलस्रोत विद्युत तथा वैकल्पिक उर्जा

१६२. बैकल्पिक उर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिइनेछ ।

१६३. पेट्रोलियम पदार्थको उपयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय उर्जा मार्फत दिगो हरित अर्थतन्त्र निर्माणमा जोड दिइनेछ । साथै विद्युतीय सवारी साधन खरिद तथा **चार्जिङ स्टेसन सञ्चालन** कार्यलाई निरन्तरता दिइनेछ ।

१६४. विद्युतीय चूलो जनतालाई सहुलियत दरमा वितरणका लागि संघीय सरकार तथा प्रदेश सरकार संग पहल गरिनेछ ।

### ङ. सूचना तथा संचार

१६५. **जनतासंग मेयर कार्यक्रम** अन्तर्गत संचार माध्यम तथा सार्वजनिक स्थलमा कार्यक्रम संचालन गरी नगरबासीहरुका जनगुनासो सम्बोधन गरिनेछ ।

१६६. नगरपालिकामा र सम्पूर्ण वडा कार्यालयहरुमा डिजिटल सूचना कक्षको स्थापना गरिनेछ र सूचनाको हकलाई पूर्णरुपमा सुनिश्चित गरिनेछ ।

१६७. युवाहरुलाई रेडियो उदघोषण तथा पत्रकारिता सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरी जनशक्ति उत्पादन तथा समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६८. नगरभित्र रहेका सञ्चार माध्यमहरुलाई प्रोत्साहन र अनुदानको कार्यक्रमलाई निरन्तर गर्ने निति लिइने छ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ

### क. वन तथा जैविक विविधता

१६९. लम्कीचुहा नगर क्षेत्रभित्रका धोबिनिया खोला, रोरा खोला, चोरी खोला, चरेला खोला र पथरिया खोला किनारमा तटबन्धन गरी बेतबाँस,बाँस, डाले घाँस

लगायतका बोटविरुवा वृक्षारोपण गर्ने र अन्य खोला किनारका खाली जग्गामा बृक्षारोपण गरिनेछ ।

१७०. **हरियो वन प्रकृतिको उपहार: वातावरणीय अनुकूलता अक्षय जलाधार** भन्ने मान्यतामा रही प्राकृतिक स्रोत साधनको उपयोग, संरक्षण तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

१७१. जलाधार क्षेत्र, खानी तथा खनिज पदार्थ, वन्यजन्तु संरक्षण, खानीजन्य वस्तु तथा ढुङ्गा, वालुवा, गिट्टी, माटोको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गरिनेछ ।

१७२. सामुदायिक, साझेदारी, निजी, कबुलियती वनमा जडीबूटी खेती, मसला खेतीर फलफूल खेती गर्ने सामुदायिक वनलाई प्रोत्साहितगरिनेछ ।

१७३. स्थानीय सरकार र सामुदायिक वनको समन्वयमा वनपैदावार माथि उपभोक्ताको अधिकार र दायित्व सुनिश्चित गरिनेछ ।

१७४. लम्कीचुहा नगरभित्र रहेका वन तथा वातावरणसँग सम्बन्धित संघसस्था र बैंक तथा वित्तीय संस्थाले विद्यालय हाता तथा सडकका छेउछाउमा ट्रीगार्ड सहितको वृक्षारोपण गर्न आवश्यक समन्वय गरिनेछ ।

## ख. भू-संरक्षण तथा जलाधार व्यवस्थापन

१७५. लम्कीचुहा नगरक्षेत्रभित्र रहेका धोविनीया, रोरा, चोरी, चरेला, पथरिया लगायतका नदीहरुको दिगो तटबन्धनका लागि रानीजमरा कुलरीया सिचाँइ आयोजनासंग आवश्यक समन्वय गरी तटबन्धनको कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१७६. लम्कीचुहा नगरपालिका भित्र रहेका आमपानी, रिठाइ ताल, बड्खोलार ग्याङटी फाँटालाई जलाधार संरक्षण क्षेत्रका रुपमा विकास गर्न विशेष जोड दिइनेछ ।

## ग. वातावरण तथा फोहोर व्यवस्थापन

१७७. लम्की बजार लगायत अन्य बजार क्षेत्रमा व्यवस्थित रुपमा ढल निकास निर्माण गरिनेछ फोहोरमैलाको वर्गीकरणसहितको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ ।

१७८. लम्कीचुहा न.पा. वडा नं.३ स्थित धोबिनिया खोलामा तयार पारिएको ल्यान्ड फिलसाइटमा फोहर व्यवस्थापन गर्न आधुनिक प्रविधिको प्रयोग गरी व्यवस्थित ल्यान्ड फिलसाइटको व्यवस्था गरिनेछ र फोहोरमैलाको वर्गीकरणसहितको व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ ।

१७९. फोहोरमैला व्यवस्थापनका लागि सरसफाइ अभियानलाई विशेष जोड दिइनेछ ।

### घ. विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता

१८०. विपद पूर्व तयारीका सम्पूर्ण गतिविधि, मानव संसाधन व्यवस्था, तालिम तथा क्षमता विकास, उद्धार केन्द्रहरुको स्थापना र औजार, साधन, स्रोतको व्यवस्था, स्वयं सेवक लगायत द्रुत उद्धार टोलीको व्यवस्था, सरोकारवालाको समन्वय र सहजीकरण लगायतका कार्यसम्पादन गर्न तयारी अवस्थामा राख्न चौबिसै घण्टा **आपतकालीन कार्यसञ्चालन केन्द्र**लाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ

१८१. **स्थानीय विपद व्यवस्थापनको पूर्वतयारी : स्थानीय सरकारको जिम्मेवारी** नीति अवलम्बन गरी विपद्को पूर्व तयारी र न्यूनीकरण, विपदको समयमा राहत र उद्धार तथा विपद पछिको पुन निर्माणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१८२. विपद व्यवस्थापन कोष तथा सामाग्रीको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइनेछ ।

१८३. विपद जोखिम न्युनिकरण सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१८४. मौसम पूर्वानुमानलाई आकलन गरी जोखिम न्यूनीकरण तथा पूर्व तयारीका गतिविधिहरु संचालन गरिनुका साथै विपद् व्यवस्थापन सम्बन्धी तथ्यांकलाई प्रविधिमैत्री बनाइनेछ ।

१८५. **उत्थानशील नगरः सुरक्षित सहर प्रवर्द्धन** नीति लागु गरिनेछ

## <u>संस्थागत विकास तथा सुसाशन क्षेत्रतर्फ</u>

### क. नीति, कानुन न्याय तथा सुशासन

१८६. लम्कीचुहा नगरपालिका र यस अन्तर्गतका वडा कार्यालयहरुमा नागरिक सहायता केन्द्रलाई व्यवस्थित गरी सरल र सहज रुपमा सेवा प्रवाह गरिनेछ ।

१८७. नगरपालिकाबाट संचालित गतिविधि, विकास कार्यक्रम र सेवा प्रवाहको समग्रमा अधिकतम सार्वजनिकीकरण गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।

१८८. खर्चको विवरण नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ र आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाइनेछ

१८९. नेपाल प्रहरीको समन्वयमा मुख्य चोकहरु तथा सम्वेदनशील क्षेत्रमा सीसी टिभी क्यामेरा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९०. नगरको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, मदिरा बिक्री-वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सीमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिक जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानुनको अधीनमा कडाइको साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ ।

१९१. मेलमिलाप कर्ताहरुलाई तालिम प्रदान गर्ने र सूचीकृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९२. स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत लम्कीचुहा नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, पारदर्शी, पहुँच योग्य, सक्षम एवं विश्वसनीय बनाइने छ ।

१९३. व्यवस्थित इजलासको व्यवस्था गरी कानुनी परामर्शदाताको व्यवस्थापन गरिनेछ ।

१९४. प्रत्येक वडामा मेलमिलाप केन्द्रका आवश्यक कार्यालय व्यवस्थापनका साथै आवश्यक सामग्री व्यवस्थापन गरिने छ ।

१९५. नगर प्रहरीको गठन भइ सकेको सन्दर्भमा परिचालन कार्यविधि अनुसार उत्पादनमूलक क्षेत्रमा नगर प्रहरी परिचालन गरिनेछ । नगरप्रहरीको सेवा, सर्त र सुबिधाका वारेमा आवश्यक पहल गरिने छ

१९६. प्रत्येक वडाका जनप्रतिनिधि तथा कर्मचारी एवं उपभोक्ता समितिलाई योजना संचालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१९७. लम्कीचुहा नगरक्षेत्रभित्र प्रत्येक घरधुरीको आफ्नै डिजिटल ठेगाना प्रदानगरी विद्युत्, खानेपानी इन्टरनेट लगायतका सबै सेवा प्रदायकले ग्राहक नम्बरको लागि प्रयोग गर्न सक्ने, ग्रिडमा आधारित, अफ लाइन र गुगल प्लस कोड सहितको एकीकृत मौलिक डिजिटल ठेगाना प्रणाली लागू गरिने छ ।

## ख. संगठनात्मक विकास, मानव संसाधन तथा सेवा प्रवाह

१९८. लम्कीचुहा नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनीय, क्षमतायुक्त एवं प्रभावकारी बनाउँदै अतिआवश्यक रिक्त दरबन्दीमा उपयुक्त प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।

१९९. लम्कीचुहा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन तयार गरी नगरसभाबाट स्वीकृति गरिनेछ ।

१००. लम्कीचुहा नगरपालिकामा अस्थायी तथा करारमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमानुसार महंगी भत्ता समेत उपलब्ध गराईनेछ ।

२०१. लम्कीचुहा नगरपालिका र वडाका सबै कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ र मासिक रुपमा कार्यप्रगतिको प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ

२०२. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

### ग. राजश्व नीति तथा स्रोत परिचालन

२०३. राष्ट्रिय र स्थानीय आर्थिक स्थिति र बजारको आधारमा मूल्य निर्धारण समिति बनाई आवधिक कर पुनरावलोकन गरिनेछ र भूमिकर (मालपोत) जमीनको स्थान, प्रयोग र गुणस्तरको आधारमा लागू गरिनेछ ।

२०४. लम्कीचुहा नगरपालिका भित्रका सम्पूर्ण उद्योगी तथा व्यवसायीलाई करको दायरामा ल्याउन अनिवार्य रुपमा नगरपालिकामा दर्ता तथा नवीकरण गर्ने व्यवस्था गरिनेछ ।

२०५. ऐन कानुन बमोजिम स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकारको प्रयोग गर्दै राजस्वका सबै संम्भावनाका क्षेत्रहरुको खोजि गर्दै करका दरहरु निर्धारण गरीने छ । प्राकृतिक स्रोत कर (दहत्तर बहत्तर, बालुवा, गिट्टी, ढुङ्गा) लगायतको निकासी प्रणालीलाई व्यवस्थित गरिनेछ र करदिवसको अवसरमा उत्कृष्ट करदातालाई पुरस्कृत र कर छली गर्ने तथा कर नतिर्नेलाई दण्डित गरिने छ ।

२०६. राजश्व प्रशासनको क्षमता सुधारको लागि राजश्व सुधार योजना तर्जुमा गरिने र आवश्यक थप कार्यविधि, निर्देशिका र मापदण्ड लागु गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप बलियो बनाइने छ ।

२०७. राजस्व प्रशासनमा कार्यरत कर्मचारी तथा स्थानीय राजस्व परामर्श समितिको पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम, अन्तरक्रिया गराइने छ र घर बहाल कर संकलनलाई थप व्यवस्थित बनाउन लम्कीचुहा नगरपालिका भित्रका बजार क्षेत्र ग्रामीण क्षेत्र घर बहाल करको अधिकतम तथा न्युनतम दररेट तोकिने ब्यवस्था गरिनेछ ।

२०८. कर संकलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजस्व समयमै संकलन गर्ने वडा समितिलाई समेत परिचालन गर्ने तथा राजस्व परामर्श समिति मार्फत चौमासिक रुपमा अनुगमनको ब्यवस्था मिलाउने ।

२०९. राजस्व संकलनलाई पूर्ण रुपमा अनलाइन प्रणाली मार्फत संकलन गर्ने ब्यवस्था मिलाउने ।

२१०. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक अभिमुखीकरणको व्यवस्था गरिनेछ ।

### घ. तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन

२११. लम्कीचुहा नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा सङ्घीय कानून बमोजिमका मापदण्ड पूरा गरी आन्तरिक तथा वैदेशिक सहायता लिने नीति अवलम्बन गरिने छ । साथै, विदेशी नगरका सहरहरुसँग भगिनी सम्बन्ध स्थापना तथा विस्तार गर्ने, अनुभव आदान प्रदान गर्ने र सो को माध्यमबाट वैदेशिक लगानी आकर्षण गर्ने नीति अबलम्बन गरिने छ ।

२१२. आर्थिक वर्षको अन्त्यतिर योजना/कार्यक्रम परिवर्तन गर्ने तथा बजेट रकमान्तर गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । साथै,योजना/कार्यक्रम परिवर्तन/संशोधन गर्दा साविकको योजना/कार्यक्रमको प्रभावकारिता भन्दा कम प्रतिफल दिने योजना/कार्यक्रमहरुलाई परिवर्तन गर्न नपाइने नीति अवलम्बन गरिने छ ।

२१३. पञ्जिकरण सेवा इकाईलाई निरन्तरता दिनुका साथै पञ्जिकरण सम्बन्धी स्थानिय पंजिका अधिकारीहरुलाई अभिमुखिकरण तथा तालिम प्रदान गरिने छ

२१४. पञ्जिकरण सम्बन्धी विभाग बाट आएका परिपत्र र कानुन सम्बन्धी स्थानीय जनप्रतिनिधीहरुलाई पुनर्ताजगी कार्यक्रम गरि जानकारी गराइने छ

२१५. देशभर प्रत्येक वर्ष बैशाख १ गते देखी ७ गते सम्म संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२१६. राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रमलाई सहज रुपमा संचालन गरिनेछ ।

२१७. ज्येष्ठ नागरिक अन्य, ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला, विधवा महिला, पूर्ण तथा अति अशक्त अपांगता भएका नागरिकहरुलाइ सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**सम्मानित नगरसभामा उपस्थित नगरसभा सदस्यज्यूहरू,**

लम्कीचुहा नगरपालिकाको तर्फबाट मैले १७ औं नगरसभा अधिवेशनसम्म प्राप्त गरेका उपलब्धिहरुलाई अझ सुदृढ बनाउदै, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि नगरपालिकाको दीर्घकालीन लक्ष्यसहित **"समृद्ध नगर खुसी नगरबासी"** को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएकोछु ।

लम्कीचुहा नगरपालिकाको समग्र विकासमा नगरबासीले देखाउनु भएको चाँसो र सुझावका लागि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सुझाव र सहयोग प्रदान गर्नुहूने नगरसभाका सदस्यज्यूहरु, विषयगत समितिहरु, नगरको विकासमा योगदान पुऱ्याउनु हूने जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नीति तथा कार्यक्रम मस्यौदा तर्जुमा समितिका पदिधकारी तथा सदस्यज्युहरु, निजी क्षेत्र, सहकारी क्षेत्र तथा संघ संस्था, नागरिक समाज, बुद्धिजीवीवर्ग, शुभेच्छुक महानुभावहरु, सञ्चारजगत्, सुरक्षा निकायका प्रतिनिधि तथा सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**सुशीला शाही**
**नगर प्रमुख**

**२४ जेठ, २०८३**